२०६५ सालको ऐन नं.

# शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः-** शिक्षा तथा खेलकुद सम्बन्धी केही संशोधन गर्न बाञ्छनिय भएकोले,

संविधान सभा गठन भएको पहिलो बर्षमा संविधान सभा (व्यवस्थापिका-संसद) ले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त ना र प्रारम्भः-** (१) यस ऐनको नाम "शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६५" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **शिक्षा ऐन, २०२८ मा संशोधनः-** शिक्षा ऐन, २०२८ को,

(१) दफा २. कोः-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "आधारभूत शिक्षा" भन्नाले कक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।"

(ख) खण्ड (ख१) झिकिएको छ ।

(ग) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।"

(घ) खण्ड (घ४) झिकिएको छ ।

(ङ) खण्ड (ङ१) को सट्टा देहायको खण्ड (ङ१) राखिएको छः-

"(ङ१) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ख) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।"

(च) खण्ड (ङ२) झिकिएको छ ।

(छ) खण्ड (ङ३) को सट्टा देहायको खण्ड (ङ३) राखिएको छः-

"(ङ३) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख) र (घ) वा खण्ड (घ) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।"

(ज) खण्ड (ङ४) झिकिएको छ ।

(झ) खण्ड (छ) र (छ१) को सट्टा देहायको खण्ड (छ) र (छ१) राखिएको छः-

"(छ) "माध्यमिक तह प्रमाणपत्र परीक्षा (सकेण्डरी लेभल सर्टिफिकेट इक्जामिनेसन)" भन्नाले कक्षा १० को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।"

"(छ१) "आधारभूत तह प्रमाणपत्र परीक्षा (वेसिक लेभल सर्टिफिकेट इक्जामिनेसन)" भन्नाले कक्षा ८ को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।"

(ञ) खण्ड (छ१) पछि देहायको खण्ड (छ२) राखिएको छः-

"(छ२) "उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा (हाईयर सकेण्डरी लेभल सर्टिफिकेट इक्जामिनेसन)" भन्नाले कक्षा १२ को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।"

(ट) खण्ड (ठ) पछि देहायको खण्ड (ठ) थपिएको छः-

"(ठ) "परम्परागत शिक्षा" भन्नाले गुम्बा, मदरसा, गुरुकुल आदिबाट दिइने शिक्षालाई सम्झनुपर्छ ।"

(२) दफा ५. को सट्टा देहायको दफा ५. राखिएको छः-

"**५. परीक्षाको सञ्चालन तथा व्यवस्थापनः** आधारभूत तह प्रमाणपत्र परीक्षा, माध्यमिक तह प्रमाणपत्र परीक्षा, उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा र CTEVT तर्फको परीक्षाको सञ्चालन र व्यवस्थापन तोकिएबमोजिम हुनेछ ।"

(३) दफा ६. को खण्ड (ग) पछि देहायको खण्ड (ग१) राखिएको छः-

"(ग१) प्राविधिक माध्यमिक शिक्षा,"

(४) दफा ६(क) को सट्टा देहायको दफा छ(क) राखिएको छः-

"(६क) परम्परागत शिक्षा, विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा दूर शिक्षाको सञ्चालन तथा अन्य व्यवस्थाः"

(५) दफा ६(क) को उदफा (३) पछि देहायको उपदफा (४) राखिएको छः-

"(४) परम्परागत शिक्षाको सञ्चालन तोकिएबमोजिम/साधारण शिक्षा सरह हुनेछ ।"

(६) दफा ७.को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः

"आधारभूत तहसम्मको शिक्षा मातृ भाषामा दिन सकिनेछ ।"

(७) दफा ११ को

(क) उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) जिल्लाभित्रका माध्यमिक र आधारभूत विद्यालयबाट प्रतिनिधित्व हुनेगरी सो विद्यालयमा कम्तिमा दश बर्ष काम गरेका स्थायी शिक्षकहरु मध्येबाट कम्तिमा दुई जना महिलासहित जिल्ला शिक्षा समितिले मनोनित गरेका चार जना - सदस्य "

(ख) उपदफा (५) को खण्ड (क१) झिकिएको छ ।

(ग) उपदफा (५) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) नेपाल सरकारको नीति अनुरुप जिल्लाभित्रका सामुदायिक प्रारम्भिक र माध्यमिक विद्यालयलाई विद्यार्थी सङ्ख्या र विषयगत आधारमा उपलब्ध दरबन्दी वितरण र मिलान गर्ने ।"

(८) दफा ११च. को

(क) उपदफा (१ख) झिकिएको छ ।

(९) दफा ११(ण) को सट्टा देहायको दफा ११(ण) राखिएको छः-

"**११ण. <u>छात्रवृत्तिको व्यवस्था गर्न सक्ने</u>**:- नेपाल सरकाले प्रारम्भिक र माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिएबमोजिम छात्रवृत्ति व्यवस्था गर्न सक्नेछ ।"

(१०) दफा १२.को उपदफा (६) को खण्ड (ट) पछि देहायको खण्ड (ठ) थप गरिएको छः-

"(ठ) विद्यालयमा शिक्षणका लागि प्रयोग हुने माध्यम भाषा स्थानिय निकाय (सरकार) को परामर्शमा तोक्ने ।"

(११) दफा १२ को उपदफा (७क) र (७ख) झिकिएको छ ।

(१२) दफा १६घ को

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) सामुदायिक विद्यालयको आधारभूत तहको शिक्षा निःशुल्क हुने र त्यस्तो विद्यालयमा भर्ना हुने विद्यार्थीलाई नेपाल सरकारले पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउनेछ ।”

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) सामुदायिक विद्यालयको माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तहको शिक्षा निःशुल्क हुनेछ र त्यस्तो विद्यालयमा भर्ना हुने विद्यार्थीलाई नेपाल सरकारले पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउनेछ ।”

(१३) दफा १९ को

(क) उपदफा (२) को खण्ड (घ१) र (घ२) को सट्टा देहायको खण्ड (घ१) र (घ२) राखिएको छः-

“(घ१) माध्यमिक र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षाको समकक्षत निर्धारण सम्बन्धी,”

“(घ२) शिक्षक सेवा आयोग सम्बन्धी”

(ख) उपदफा (२) को खण्ड (ल) पछि देहायको खण्ड (व) र (श) थप गरिएको छ ।

”(व) परम्परागत शिक्षा (गुम्वा, मदरसा, गुरुकुल आदि सम्बन्धी”

“(श) शिक्षण प्रक्रिया सम्बन्धी”

(१४) दफा २१ को

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) यो ऐन प्रारम्भ भएको क्षेत्रमा शिक्षा ऐन, २०२५, शिक्षा नियमहरु, २०२७, उच्च माध्यमिक शिक्षा ऐन, २०४६ र उच्च माध्यमिक शिक्षा नियमावली, २०५२ लागू हुने छैनन् ।”

(ख) उपदफा (२) पछि देहायको उपदफा (३), (४) र (५) थप गरिएको छः-

"(३) उच्च माध्यमिक शिक्षा ऐन, २०४६ र उच्च माध्यमिक शिक्षा नियमावली २०५२ बमोजिम भए गरेका कामकारवाहीहरु यस ऐन र अन्तर्गतका नियमावलीबमोजिम भए गरेको मानिनेछन् ।"

"(४) उच्च माध्यमिक शिक्षा ऐन, २०४६ अन्तर्गत गठित संरचना र अन्तर्गत कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले कार्य प्रकृति र आवश्यकता अनुसार समायोजन गर्ने वा अन्य व्यवस्था गर्ने ।"

"(५) यो ऐन प्रारम्भ भएपछि ऐन लागू भएको क्षेत्रमा विश्व विद्यालयहरुले प्रमाणपत्र तहका कक्षाहरु सञ्चालन गर्ने छैनन् ।"

३. <u>प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ मा संशोधन</u>:- CTEVT Act, २०४५ को

(१) दफा ६. को सट्टा देहायको दफा ६. राखिएको छः-

"६. नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैरसरकारी संगठित संस्थाद्धारा सीप विकासको निमित्त दिइने व्यवसायिक तालिमको पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था शिक्षा ऐन, २०२८ को दफा ८ अनुसार स्वीकृत गरी लागू गर्ने गराउने ।"

(२) दफा ६.१३ को सट्टा देहायको दफा ६.१३ राखिएको छः-

"६.१३ सीपको बर्गीकरण, परीक्षण र प्रमाणिकरण सम्बन्धी व्यवस्था शिक्षा ऐन, २०२८ को दफा ५ बमोजिम गर्ने गराउने ।"

(३) दफा ६.१५ झिकिएको छ ।

४ <u>छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ मा संसोधन</u>:- छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को

(१) दफा २. को सट्टा देहायको दफा २ राखिएको छः-

"२. **<u>परिभाषाः</u>-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा छात्रवृत्ति भन्नाले कुनै अध्ययन, अनुसन्धान वा प्रशिक्षणका लागि नेपाल सरकारले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा, सरकारलाई कुनै विदेशमुलुक, अन्तररीाष्ट्रय वा अन्य दातृ संस्थाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा वा प्राविधिक सहायता सम्झनुपर्दछ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छात्रवृत्ति भनी तोकेको अन्य सुविधासमेतलाई जनाउँछ ।"

(२) दफा ३. पछि देहायका उपदफा ३क. थपिएको छः-

“३क. छात्रवृत्ति सुरक्षित गर्न सकिनेः- यस ऐन बमोजिम नेपाल सरकारलाई प्राप्त छात्रवृत्ति मध्ये महिला, जनजाती, दलित र तोकिए बमोजिमको दुर्गम क्षेत्रका लागि तोकिए बमोजिम छात्रवृत्ति सुरक्षित गर्न सकिनेछ ।”

# शिक्षक सेवा आयोग (चौथौं संशोधन) नियमावली, २०६५

शिक्ष सेवा आयोग नियमावली, २०५७ मा संशोधन गर्न बाञ्छनिय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग ( चौथो संशोधन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ४ मा संसोधनः-**

शिक्षक सेवा आयोग नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको ) को नियम ४ को

(१) खण्ड (क), (ख) र (ग) झिकिएको छ ।

३. **मूल नियमावलीको नियम ५ र ६ मा संशोधनः** मूल नियमावलीको नियम ५ र ६ झिकिएको छ ।

४. **मूल नियमावलीको परिच्छेद-३ मा संशोधनः-** मूल नियमावलीको परिच्छेद-३ को शीर्षकमा रहेको "तथा शिक्षक नियुक्तिको सिफारिस" भन्ने शब्दहरु झिकिएका छन् ।

५. **मूल नियमावलीको नियम ६क. मा संशोधनः-** मूल नियमावलीको नियम ६क. को, -

(१) उपनियम (१) मा रहेका "प्राथमिक निम्न माध्यमिक" भन्ने शब्दहरुको सट्टा "आधारभूत" भन्ने शब्द राखिएको छ ।

६. **मूल नियमावलीको नियम ६ख. र ६ग. मा संशोधनः-** मूल नियमावलीको नियम ६ख. र ६ग. झिकिएको छ ।

७. **मूल नियमावलीको नियम ६घ. मा संशोधनः-** मूल नियमावलीको नियम ६घ. को (१) उपनियम (२) झिकिएको छ ।

८. **मूल नियमावलीको नियम ७. र ८. मा संशोधनः-** मूल नियमावलीको नियम ७. र ८. झिकिएको छ ।

९. **मूल नियमावलीको नियम ९ मा संशोधनः-** मूल नियमावलीको नियम ९ को, -

(१) उपनियम (१) मा रहेका “वा शिक्षक पदको” भन्ने शब्दहरु र खण्ड (क) झिकिएका छ ।

(२) उपनियम (१) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएको छः-

“(ख) आधारभूत तहको लागि सम्बन्धित विषयमा माध्यमिक तह प्रमाणपत्र (SLC) वा सो सरह परीक्षा वा उच्च माध्यमिक तह प्रमाणपत्र (HSLC) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको वा शिक्षा विषयमा स्नात्तक तह (B.Ed.) वा सो सरह परीक्षा उत्तीर्ण गरेको, ”

“(ग) माध्यमिक तहको लागि शिक्षा विषयमा स्नात्तक (B.Ed.) वा स्नात्तकोत्तर (M. Ed.) वा (M. Phil.) उत्तीर्ण गरेको ।”

(३) उपनियम (२) मा रहेका “महिला वा अपाङ्ग” भन्ने शब्दहरुको सट्टा “महिला, पिछडिएका वर्ग वा विशेष आवश्यकता भएका व्यक्ति” भन्ने शब्दहरु राखिएका छन् र “वा शिक्षक पदको” भन्ने शब्दहरु झिकिएका छन् ।

१०. **मूल नियमावलीको नियम १०. संशोधनः-** मूल नियमावली नियम १० झिकिएको छ ।

११. **मूल नियमावलीको नियम ११. देखि २६. सम्म संशोधनः-** मूल नियमावलीको नियम ११. देखि २६. सम्म झिकिएको छ ।

१२. **मूल नियमावलीको परिच्छेद-४ मा संशोधनः-** मूल नियमवालीको परिच्छेद-४ झिकिएको छ ।

१३. **मूल नियमावलीको नियम ५१ मा संशोधनः-** मूल नियमावलीको नियम ५१ झिकिएको छ ।

# <u>शिक्षा (चौथौं संशोधन) नियमावली, २०६५</u>

शिक्षा नियमावली, २०५९ मा संशोधन गर्न बाञ्छनिय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>-** (१) यी नियमहरुको नाम "शिक्षा (चौथौं संशोधन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>शिक्षा नियमावली, २०५९ को नियम २ मा संशोधनः</u>-** शिक्षा नियमावली २०५९ ( यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (झ) र (ञ) को सट्टा देहायको खण्ड (झ) र (ञ) राखिएका छन् ।

"(झ) "परीक्षा" भन्नाले आधारभूत तह प्रमाणपत्र परीक्षा, माध्यमिक तह प्रमाणपत्र परीक्षा वा उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा सम्झनुपर्दछ ।"

"(ञ) "परीक्षा समिति" भन्नाले आधारभूत तह प्रमाणपत्र परीक्षा समिति, माध्यमिक तह प्रमाणपत्र परीक्षा समिति वा उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा समिति सम्झनुपर्दछ ।"

३. **<u>मूल नियमावलीको नियम ३. मा संशोधनः</u>-** मूल नियमावलीको नियम ३ को उपनियम (१) मा रहेका "प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय" भन्ने शब्दहरुको सट्टा "आधारभूत विद्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>मूल नियमावलीको नियम ५ मा संशोधनः</u>-** मूल नियमावलीको नियम ५ को,-

(१) विद्यालय खोल्ने सम्बन्धमा नियम ३ को उपनियम (१) बमोजिम निवेदन परेमा जिल्ला शिक्षा अधिकारीले निवेदनसाथ प्राप्त कागजात जाँचवुझ गर्नेछ र जाँचवुझ गर्दा त्यसरी खोलीने विद्यालयका लागि नियम ४ बमोजिमको पूर्वाधिकार पूरा भएको देखिएमा "आधारभूत विद्यलाय" खोल्न शैक्षिक सत्र शुरु हुनुभन्दा तीस दिन अगावै अनुसूची-४ बमोजिमको ढाँचामा आफैले अनुमति दिनेछ र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तिमा दुई महिना अगावै जिल्ला शिक्षा समितिको रायसहित प्राप्त निवेदन निर्देशक समक्ष पठाउनुपर्नेछ ।"

(२) उपनियम (३) मा रहेका “निम्न माध्यमिक विद्यालय वा” भन्ने शब्दहरु झिकिएका छन् ।

४. **<u>मूल नियमावलीको नियम ७. मा संशोधनः</u>** - मूल नियमावलीको नियम ७. को,-

(१) उपनियम (१) मा रहेका “प्राथमिक, निम्न माध्यमिक” भन्ने शब्दहरुको सट्टा “आधारभूत” भन्ने शब्दहरु राखिएको छ ।

(२) उपनियम (३) मा रहेका “प्राथमिक विद्यालय” भन्ने शब्दहरुको सट्टा “आधारभूत विद्यालय” भन्ने शब्दहरु राखिएका छन् भने “आफैले स्वीकृत दिनेछ र” भन्ने शब्दहरु पछि रहेका “निम्न माधयमिक विद्यालय” भन्ने शब्दहरु झिकिएका छन् ।

५. **<u>मूल नियमावलीको नियम १३ मा संशोधनः-</u>** मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ ।

“१३. **<u>विद्यालयको कक्षा वा तह थप सम्बन्धी व्यवस्थाः-</u>** (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै जिल्ला शिक्षा अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा जिल्ला शिक्षा अधिकारीले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए नभएको सम्बन्धमा आवश्यक जाँचवुझ गर्नेछ र जाँज वुझ गर्दा पूर्वाधारा पूरा भएको देखिएमा शैषिक सत्र शुरु हुनु अगावै प्रत्येक बर्ष एक कक्षाका दरले कक्षा थप गर्न अनुमति दिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्नेगरी आधारभूत तह एकै पटक सञ्चालन गर्न चाहेमा व्यवस्थापन समितिको सिफारिस सहित शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम कुनै निवेदन परेमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो विद्यालयमा नियम ४ बमोजिमको पूर्वाधार पूरा भए नभएको सम्बन्धमा जाँचवुझ गर्नेछ र जाँचबुझ गर्दा पूर्वाधार पूरा भएको देखिएमा सोही शैक्षिक सत्र देखि लागू हुनेगरी एकै पटक सो तहको विद्यालय सञ्चालन गर्न अनुमति दिनेछ ।

(५) माध्यमिक तहको अनुमति एकै पटक दिन सकिने छैन ।”

६.   **मूल नियमावलीको नियम १४ मा संशोधनः-** मूल नियमावलीको नियम १४ को खण्ड (ज) मा रहेका “तथा प्राथमिक” भन्ने शब्दहरु झिकिएका छन् ।

७.   **मूल नियमावलीको नियम १५ मा संशोधनः-** मूल नियमावलीको नियम १५ को,-

(१)   खण्ड (६) र (ज) मा रहेका “माध्यमिक शिक्षा उत्तीर्ण” भन्ने शब्दहरुको सट्टा “माध्यमिक तह वा उच्च माध्यमिक तह प्रमाणपत्र तह प्राप्त” भन्ने शब्दहरु राखिएका छन् ।

(२)   खण्ड (ञ) मा रहेका ”प्राथमिक, निम्न माध्यमिक” भन्ने शब्दहरुको सट्टा “आधारभूत” भन्ने शब्द राखिएको छ ।

(३)   खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ ।

“(ञ१) जिल्ला शिक्षा कार्यालयको व्यवस्थापन परीक्षण गर्ने ।”

(४)   खण्ड (त) मा रहेका ”माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति भन्ने शब्दहरुको सट्टा “राष्ट्रिय परीक्षा समिति (National Examination Board)” भन्ने शब्दहरु राखिएका छन् ।

८.   **मूल नियमावलीको नियम १६ मा संशोधनः-** मूल नियमावलीको नियम १६ को,-

(१)   खण्ड (ङ) मा रहेको “निम्न माध्यमिक” भन्न् शब्दको सट्टा “ आधारभूत” भन्ने शब्द राखिएको छ ।

(२)   खण्ड (ज) मा रहेको “माध्यमिक शिक्षा उत्तीर्ण” भन्ने शब्दहरु सट्टा “माध्यमिक तह प्रमाणपत्र वा उच्च माध्यमिक तह प्रमाणपत्र भन्ने शब्दहरु राखिएका छन् ।

(३)   खण्ड (झ) झिकिएको छ ।

(४)   खण्ड (ट) झिकिएको छ ।

(५)   खण्ड (ढ) मा रहेका “माध्यमिक शिक्षा उत्तीर्ण” भन्ने शब्दहरुको सट्टा “आधारभूत तह प्रमाणपत्र, माध्यमिक तह प्रमाणपत्र र उच्च माध्यमिक तह प्रमाणपत्र” भन्ने शब्दहरु राखिएका छन् ।

(६)   खण्ड (ग१) झिकिएको छ ।

९.   **मूल नियमावलीको नियम १७ मा संशोधनः-** मूल नियमावलीको नियम १७ को खण्ड (ज) मा रहेको “परीक्षा समितिको” भन्ने शब्दहरुको सट्टा “राष्ट्रिय परीक्षा समिति (National Examination Board)” भन्ने शब्दहरु राखिएका छन् ।

१०. **मूल नियमावलीको नियम २२क. मा संशोधनः-** मूल नियमावलीको नियम २२क. को उपनियम (३) मा रहेका "प्राथमिक विद्यालय" भन्ने शब्दहरुको सट्टा "आधारभूत विद्यालय" भन्ने शब्दहरु राखिएको छ भने "जिम्मा दिन सक्नेछ र" भन्ने शब्दहरु पछि रहेका "निम्न माध्यमिक विद्यालय" भन्ने शब्दहरु झिकिएका छन् ।

११. **मूल नियमावलीको नियम २२घ. मा संशोधनः-** मूल नियमावलीको नियम २२घ. को खण्ड(घ) मा रहेका "प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र अन्य तहमा" भन्ने शब्दहरु झिकिएका छन् ।

१२. **मूल नियमावलीको नियम २२ङ. मा संशोधनः-** मूल नियमावलीको नियम २२ङ को,-

(१) उपनियम (२) मा रहेका "प्राथमिक, निम्न माध्यमिक भन्ने शब्दहरुको सट्टा "आधारभूत" भन्ने शब्द र "द्वितीय र प्रथम श्रेणीको" भन्ने शब्दहरुको सट्टा "अनुभव, दक्ष र विज्ञ श्रेणीको" भन्ने शब्दहरु र "तृतीय श्रेणीको" भन्ने शब्दहरुको सट्टा "नवप्रवेशी श्रेणीको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) को खण्ड (क) मा रहेका "शिक्षक पदमा नियुक्त हुन" भन्ने शब्दहरुको सट्टा "अध्यापन अनुमति पत्र लिन" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **मूल नियमावलीको नियम २२छ. मा संशोधनः-** मूल नियमावलीको नियम २२छ. को उपनियम (१२) झिकिएको छ ।

१४. **मूल नियमावलीको नियम २९ मा संशोधनः-** मूल नियमावलीको नियम २९ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) आधारभूत विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा उच्च माध्यमिक तह प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

तर आधारभूत विद्यालय र माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ ।"

१५. **मूल नियमावलीको नियम ३२ मा संशोधनः-** मूल नियमावलीको नियम ३२ को उपनियम (१) को,-

(१) खण्ड (ङ१) पछि देहायको खण्ड (ङ२) थपिएको छः-

"(ङ२) निर्देशक, अनौपचारिक शिक्षा केन्द्र - सदस्य"

(२) खण्ड (ञ) मा रहेको “महेन्द्र” भन्ने शबदको सट्टा “नेपाल” भन्ने शब्द राखिएको छ ।

(३) खण्ड (ढ) मा रहेको “महानिर्देशक” भन्ने शब्दको सट्टा “कार्यकारी निर्देशक” भन्ने शब्दहरु राखिएका छन् ।

१६. **मूल नियमावलीको नियम ३८ मा संशोधनः-** मूल नियमावलीको नियम ३८ को,-

(१) उपनियम (१) को खण्ड (घ) मा रहेको “उच्च माध्यमिक शिक्षा परिषद्” भन्ने शब्दहरुको सट्टा ”शिक्षा विभाग” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (१) को खण्ड (ङ) मा रहेको “महानिर्देशक” भन्ने शब्दको सट्टा ”कार्यकारी निर्देशक” भन्ने शब्दहरु राखिएका छन् ।

१७. **मूल नियमावलीको नियम २९ मा संशोधनः-** मूल नियमावलीको नियम ३९ को सट्टा देहायको नियम ३९ राखिएको छ ।

“३९. **कक्षा ५ को अन्तमा लिइने सिकाइ उपलब्धी परीक्षा सम्बन्धी व्यवस्थाः-** (१) विद्यार्थीको कक्षा ५ सम्मको सिकाई उपलब्धी परीक्षण गरी गुणस्तर कायम गर्नका लागि स्रोतकेन्द्र स्तरमा निम्नानुसारको एक सिकाइ उपलब्धी परीक्षण समिति रहनेछ ।

(क) स्रोत केन्द्र रहेको विद्यालयको प्रधानाध्यापक - अध्यक्ष

(ख) स्रोत केन्द्र अन्तर्गतका विद्यालयका शिक्षकहरुमध्ये दुवै तहको प्रतिनिधित्व हुनेगरी सम्बन्धित विद्यालय निरीक्षकबाट मनोनित कम्तीमा एक जना महिला सहित ३ जना - सदस्य

(ग) सम्बन्धित स्रोत व्यक्ति - सदस्य सचिव

(२) उपनियम (१) बमोजिम मनोनित सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले विद्यार्थीको सिकाइ उपलब्धी परीक्षणका लागि परीक्षासम्बन्धी सम्पूर्ण काम गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको वैठक सम्बन्धी कार्य विवरण समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।”

१८. **मूल नियमावलीको नियम ४० मा संशोधनः-** मूल नियमावलीको नियम ४० को सट्टा देहायको नियम ४० राखिएको छः-

“४०. **आधारभूत तह प्रमाणपत्र परीक्षाको सञ्चालन र व्यवस्थापनः-** (१) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा जिल्लास्तरीय रुपमा सञ्चालन र व्यवस्थापन गर्नका

लागि जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा जिल्लाका पाँच अनिवार्य विषयका एक/एक जना बरिष्ठ शिक्षक पर्नेगरी कम्तीमा एक तिहाई महिलासहित जिल्ला शिक्षा कार्यालयको परीक्षा शाखा हेर्ने अधिकृत कर्मचारी सदस्य सचिव रहने सात सदस्यीय समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिम गठित समितिका मनोनित सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(३) उपनियम (३) झिकिएको छ ।

(४) परीक्षा समितिले परीक्षा सम्बन्धी विशेषज्ञलाई परीक्षा समितिको वैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) परीक्षा समितिको वैठक लगायतका अन्य कार्यविधि, आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

१९. **<u>मूल नियमावलीको नियम ४१ मा संशोधनः</u>-** मूल नियमावलीको नियम ४१ को,-

(१) ठाउँ ठाउँमा रहेका "निम्न माध्यमिक शिक्षा उत्तीर्ण" भन्ने शब्दहरुको सट्टा "आधारभूत तह प्रमाणपत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (क) मा रहेको "परिचालन" भन्ने शब्दहरुको सट्टा "सञ्चालन र व्यवस्थापन" भन्ने शब्दहरु राखिएका छन् ।

(३) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थप गरिएको छ ।

"(ज१) राष्ट्रिय परीक्षा समिति (National Examination Board) को नीति र निर्देशनहरु कार्यान्वयन गर्ने ।"

१९क. **<u>मूल नियमावलीको नियम ४१क. थपः</u>-** मूल नियमावलीको नियम ४१ पछि देहायको नियम ४१क. थप गरिएको छः-

"४१क. **<u>माध्यमिक तह प्रमाणपत्र तह परीक्षा समितिः-</u>** (१) कक्षा १० को अन्त्यमा क्षेत्रीयस्तरमा सञ्चालन हुने माध्यमिक तह प्रमाणपत्र (SLC) परीक्षा सञ्चालन र व्यवस्थापन गर्नका लागि देहायका सदस्यहरु रहेको एक माध्यमिक तह प्रमाणपत्र परीक्षा समिति रहनेछः-

(क) क्षेत्रीय शिक्षा निर्देशक - अध्यक्ष

(ख) क्षेत्रीय शिक्षा निर्देशनालय रहेको जिल्लाको जिल्ला शिक्षा अधिकारी - सदस्य

(ग) क्षेत्रीय शिक्षा निर्देशकको सिफारिसमा कम्तीमा एक जना महिला पर्नेगरी राष्ट्रिय परीक्षा समिति (NEB) बाट मनोनित शिक्षाविद्हरु ३ जना - सदस्य

(घ) क्षेत्रीय शिक्षा निर्देशकबाट मनोनित मापन तथा मूल्याङ्कन विद्हरुमध्ये एक जना - सदस्य

(ङ) क्षेत्रीय शिक्षा निर्देशनालयको परीक्षा हेर्ने उपनिर्देशक - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम मनोनित सदस्यहरुको पदावधी ३ बर्षको हुनेछ ।

(३) परीक्षा समितिले सम्बन्धित विषयका बिशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) परीक्षा समितिको सचिवालयको काम क्षेत्रीय शिक्षा निर्देशनालयले गर्नेछ ।

(५) परीक्षा समितिको काम,कर्तव्य र अधिकार राष्ट्रिय परीक्षा समिति (NEB) ले तोके बमोजिम हुनेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धि कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **मूल नियमावलीको नियम ४२ मा संशोधन**:- मूल नियमावलीको नियम ४२ को,-

(१) ठाउँ ठाउँमा रहेका “माध्यमिक शिक्षा उत्तीर्ण” भन्ने शब्दहरुको सट्टा “उच्च माध्यमिक तह प्रमाणपत्र” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (१) को खण्ड (च) झिकिएको छ ।

(३) उपनियम (१) को खण्ड (छ) मा रहेको “महानिर्देशक” भन्ने शब्दको सट्टा “कार्यकारी निर्देशक” भन्ने शब्द राखिएको छ ।

(४) उपनियम (५) पछि देहायको उपनियम (६) थप गरिएको छ ।

“(६) परीक्षा समितिको काम, कर्तव्य र अधिकार राष्ट्रिय परीक्षा समिति (NEB) ले तोकेबमोजिम हुनेछ ।”

२१. **मूल नियमावलीको नियम ४२क. थप**:- मूल नियमावलीमा देहायको ४२क. थप गरिएको छ:-

"४२क. **राष्ट्रिय परीक्षा समितिः-** (१) आधारभूत तह प्रमाणपत्र, माध्यमिक तह प्रमाणपत्र तथा उच्च माध्यमिक तह प्रमाणपत्र लगायत विद्यालय शिक्षाका राष्ट्रिय स्तरका अन्य परीक्षा सम्बन्धी नीति, निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापनको लागि देहायका सदस्यहरु रहेको राष्ट्रिय परीक्षा समिति (NEB) रहनेछ ।

(क) शैक्षिक मापन र मूल्याङ्कनको क्षेत्रमा अध्ययन अनुसन्धान, अन्वेषण जस्ता कार्य गरी कम्तीमा दश बर्षको अनुभव प्राप्त प्राध्यापकहरु, शिक्षाविद्हरुमध्येबाट नेपाल सरकारले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(२) उपनियम (१) बमोजिमको समितिमा अध्यक्ष र सदस्यहरुको मनोनयन गर्दा समावेशी प्रक्रिया अप्नाइनेछ ।

(३) उपनियम (१) बमोजिम मनोनित सदस्यहरुको पदावधी ५ बर्षको हुनेछ ।

(४) समितिले सम्बन्धीत विषयका विशेषज्ञलाई समितिको वैठकमा प्रर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछन् ।

(५) समितिको सचिवालयको काम परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ ।

(६) समितिको वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

२२. **मूल नियमावलीको नियम ४३ मा संशोधनः-** मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छः-

"४३. **राष्ट्रिय परीक्षा समितिको काम, कर्तव्य र अधिकारः-** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) आधारभूत तह प्रमाणपत्र, माध्यमिक तह प्रमाणपत्र र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) आधारभूत तह प्रमाणपत्र, माध्यमिक तह प्रमाणपत्र र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षाको लागि प्रश्न वैंक स्थापना गरी सम्बद्ध समितिहरुलाई उपलब्ध गराउने ।

(ग) विद्यालय शिक्षाका सबै तहका परीक्षाहरुको गुणस्तर विकास र नियन्त्रण, स्तरीकरण, प्रमाणिकरण तथा अध्ययन अनुसन्धान गर्ने गराउने ।

(घ) आधारभूत तह प्रमाणपत्र परीक्षा समिति, माध्यमिक तह प्रमाणपत्र परीक्षा समिति र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) विभिन्न समितिहरुबाट सञ्चालन र व्यवस्थापन हुने विद्यालय शिक्षाका परीक्षाहरुलाई स्तरयुक्त बनाउन समितिहरु वीच समन्वय कायम गराउने ।

(च) परीक्षाका मापदण्डहरु तोक्ने ।

(छ) परीक्षाको वैधता र विश्वसनियताका लागि उपयुक्त संयन्त्रको तर्जुमा गर्ने ।

(ज) आधारभूत तह प्रमाणपत्र परीक्षा समिति, माध्यमिक तह प्रमाणपत्र परीक्षा समिति तथा उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोक्ने ।

(झ) विद्यालय शिक्षाका परीक्षाका सम्बन्धमा अन्य आवश्यक काम गर्ने ।"

२३. **मूल नियमावलीको नियम ४३क. मा थप:-** मूल नियमावलीको नियम ४३क. पछि देहायको नियम ४३क. थप थपिएको छः-

"**४३क. राष्ट्रिय परीक्षा समितिको अध्यक्ष र सदस्यहरुको सेवा, शर्त तथा सुविधाः-** (१) राष्ट्रिय परीक्षा समितिका अध्यक्ष र सदस्यहरु समितिको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(२) अध्यक्ष र सदस्यहरुले आफ्नो पदमा बहाली गरेको दिनदेखि पारिश्रमिक पाउनेछन् ।

(३) अध्यक्ष र सदस्यहरुको पारिश्रमिक, सेवाका अन्य शर्तहरु र सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।"

२४. **मूल नियमावलीको नियम ४४ मा संशोधनः-** मूल नियमावलीको नियम ४४ झिकिएको छ ।

२५. **मूल नियमावलीको नियम ४५ मा संशोधन:-** मूल नियमावलीको नियम ४५ को सट्टा देहायको नियम ४५ राखिएको छ:-

"४५. **आधारभूत तह प्रमाणपत्र परीक्षा, माध्यमिक तह प्रमाणपत्र परीक्षा र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षाको सञ्चालन र व्यवस्थापन:-** आधारभूत तह प्रमाणपत्र परीक्षा, माध्यमिक तह प्रमाणपत्र परीक्षा तथा उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षाको सञ्चालन र व्यवस्थापन राष्ट्रिय परीक्षा समितिको निर्देशनमा क्रमश: जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय र परीक्षा नियन्त्रण कार्यालयले गर्नेछन् ।"

२६. **मूल नियमावलीको नियम ४६ मा संशोधन:-** मूल नियमावलीको नियम ४६ को सट्टा देहायको नियम ४६ राखिएको छ:-

"४६. **परीक्षा समन्वय समिति:-** (१) माध्यमिक तह प्रमाणपत्र परीक्षा र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन र व्यवस्थापन गर्नका लागि प्रत्येक जिल्लामा देहायका सदस्यहरु रहेको एक विद्यालय परीक्षा समन्वय समिति रहनेछ:-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) स्थानिय विकास अधिकारी - सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(घ) जिल्ला शिक्षा अधिकारी - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा केन्द्रहरु तर्जुमा गर्ने (तोक्ने),

(ख) केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा अन्य कर्मचारी नियुक्ति गर्ने,

(ग) जिल्लाभित्रका विद्यालय शिक्षाका विभिन्न तहका अन्तिम परीक्षाहरु मर्यादित र निष्पक्ष ढंगले सञ्चालन तथा व्यवस्थापन गर्ने,

(घ) मन्त्रालय वा राष्ट्रिय परीक्षा समितिले तोकिदिए बमोजिमको अन्य काम गर्ने गराउने ।"

२७. **मूल नियमावलीको नियम ७८ मा संशोधन:-** मूल नियमावलीको नियम ७८ को,-

(१) उपनियम (१) को खण्ड (ख) मा रहेको "निम्न माध्यमिक शिक्षा" भन्ने शब्दहरुको सट्टा "आधारभूत तह प्रमाणपत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ ।

“(६) पाँच बर्ष उमेर पूरा नभएकाले एक कक्षामा भर्ना, चौध बर्ष उमेर पूरा नभएकालाई माध्यमिक तह प्रमाणपत्र परीक्षा र सोह्र बर्ष उमेर पूरा नभएकालाई उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षामा समावेश गरिनेछैन ।”

२८. **मूल नियमावलीको नियम ८० मा संशोधनः**- मूल नियमावलीको नियम ८० को,-

(१) उपनियम (२) मा रहेका “ भएतापनि कक्षा दश” भन्ने शब्दहरु पछि “वा कक्षा बाह्र” भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (३) मा रहेका “प्राथमिक तह” भन्ने शब्दहरुको सट्टा “आधारभूत तह” तथा “अन्य तह” भन्ने शब्दहरुको सट्टा “माध्यमिक तह” भन्ने शब्दहरु राखिएका छन् ।

२९. **मूल नियमावलीको नियम ८१ मा संशोधनः**- मूल नियमावलीको नियम ८१ को सट्टा देहायको नियम ८१ राखिएको छः-

“**८१. अनुत्तीर्ण विद्यार्थीको भर्ना सम्बन्धी व्यवस्थाः-** माध्यमिक तह प्रमाणपत्र परीक्षा वा उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षामा अनुत्तीर्ण भएको विद्यार्थीले भर्ना सम्बन्धमा निज विद्यार्थीले पुनः सोही विद्यालयमा अध्ययन गर्न आएमा विद्यालयले विद्यार्थीको चाहना अनुसार माध्यमिक तहको कक्षा नौ वा दशमा र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा अनुत्तीर्णलाई कक्षा एघार वा बाह्रमा भर्ना गर्नुपर्नेछ ।”

३०. **मूल नियमावलीको नियम ८२ मा संशोधनः**- मूल नियमावलीको नियम ८२ को,-

(१) प्रतिबन्धात्मक वाक्यांक (२) मा रहेको “छ र” भन्ने शब्दहरु झिकिएका छन् ।

३१. **मूल नियमावलीको नियम ८३ मा संशोधनः**- मूल नियमावलीको नियम ८३ को प्रतिबन्धात्मक वाक्यांकमा रहेको “छ र” भन्ने शब्दहरु झिकिएका छन् ।

३२. **मूल नियमावलीको नियम ८७ मा संशोधनः**- मूल नियमावलीको नियम ८७ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

“(क) कक्षा एकदेखि कक्षा आठसम्म - आधारभूत तह”

(२) खण्ड (ख) झिकिएको छ ।

(३) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ ।

“(ग) कक्षा नौदेखि कक्षा बाह्रसम्म - माध्यमिक तह”

३३. **मूल नियमावलीको नियम ८८ मा संशोधनः**- मूल नियमावलीको नियम ८८ मा रहेका "प्रथम, द्वितिय र तृतीइ गरी तीन" भन्ने शब्दहरुको सट्टा "नवप्रवेशी, अनुभवी, दक्ष र विज्ञ गरी चार" भन्ने शब्दहरु राखिएका छन् ।

३४. **मूल नियमावलीको नियम ८९ मा संशोधनः**- मूल नियमावलीको नियम ८९ मा रहेको "विभिन्न" भन्ने शब्दको सट्टा "आधाभूत र माध्यमिक" भन्ने शब्दहरु र श्रेणी विभाजन गरिएको तालिकाको सट्टा देहायको तालिका राखिएको छः-

| जम्मा पद सङ्ख्या | नवप्रवेशी श्रेणी | अनुभवी श्रेणी | दक्ष श्रेणी | विज्ञ श्रेणी |
|---|---|---|---|---|
| ५ | ४ | १ | – | – |
| १० | ८ | १ | १ | – |
| १५ | १२ | २ | १ | – |
| २० | १६ | ३ | २ | – |
| २५ | २० | ३ | २ | – |
| ३० | २४ | ४ | २ | – |
| ३५ | २८ | ४ | ३ | – |
| ४० | ३२ | ४ | ३ | १ |
| ४५ | ३५ | ५ | ४ | १ |
| ५० | ३९ | ५ | ४ | २ |

३५. **मूल नियमावलीको नियम ९१ मा संशोधनः**- मूल नियमावलीको नियम ९१ को,-

(१) उपनियम (१) र (२) मा रहेका "प्राथमिक विद्यालय" भन्ने शब्दहरुको सट्टा "आधारभूत विद्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

३६. **मूल नियमावलीको नियम ९५मा संशोधनः**- मूल नियमावलीको नियम ९५ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) नियम ९६क. बमोजिमको शिक्षक छनोट समितिले नियक्तिको लागि सिफारिस गरेको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले सिफारिस प्राप्त भएको मितिले तीस दिनभित्र नियुक्ति दिनुपर्नेछ । त्यसरी नियुक्ति पाएको

शिक्षकले नियुक्तिपत्र बुझेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर हुनुपर्नेछ ।”

(२) उपनियम (२) मा रहेको “जिल्ला शिक्षा अधिकारी” भन्ने शब्दहरुको सट्टा “विद्यालय व्यवस्थापन समिति” भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

“(४) उपनियम (१) बमोजिम नियुक्तिपत्र दिएपछि विद्यालय व्यवस्थापन समितिको अध्यक्षले त्यस्तो शिक्षकलाई अनुसूची-१५ बमोजिमको ढाँचामा शपथ गराई निजको फोटो र अन्य विवरण विद्यालयमा राखी शिक्षक किताबखाना र जिल्ला शिक्षा कार्यालयमा समेत पठाउनुपर्नेछ ।”

३७. **मूल नियमावलीको नियम ९६क. मा थपः-** मूल नियमावलीको नियम ९६क. पछि देहायको नियम ९६क. थपिएको छः-

“**९६क. शिक्षक छनोट समितिः-** (१) सामुदायिक विद्यालयमा शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्ति शिक्षकको बढुवाका लागि सिफारिस गर्न संस्थागत विद्यालयमा स्थायी नियुक्ति गर्न तथा सामुदायिक विद्यालयमा शिक्षको अस्थायी नियुक्तिको सिफारिस समेतका लागि देहायका सदस्यहरु रहेको छनोट समिति रहनेछः-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित विद्यालय हेर्ने विद्यालय निरीक्षक वा जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत कर्मचारी - सदस्य

(ग) शिक्षा स्नात्तक व्यक्तिहरुमध्ये व्यवस्थापन समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (घ) मा जेसुकै लेखिएको भएपनि प्रधानाध्यापकको नियुक्ति वा प्रधानाध्यापक भई काम गरेको शिक्षकलाई बढुवाको सिफारिस गर्नुपर्दा व्यवस्थापन समितिले तोकेको सम्बन्धित विद्यालयको वरिष्ठ शिक्षकले शिक्षक छनोट समितिको सदस्य सचिव भई काम गर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनित सदस्यको पदावधी दुई बर्षको हुनेछ ।

(४) शिक्षक छनोट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(५) शिक्षक छनोट समितिले आफ्नो वैठक लगायतका अन्य कार्यविधि आफै निर्धारण गर्नेछ ।

३९. **<u>मूल नियमावलीको नियम १०४ मा संशोधनः-</u>** मूल नियमावलीको नियम १०४ को सट्टा देहायको नियम १०४ राखिएको छः-

**"१०४. <u>चाडपर्व खर्च पाउनेः-</u>** (१) शिक्षकले खाई पाई आएको एक महिनाको तलव बराबरको रकम प्रत्येक चाडपर्व खर्चका रुपमा पाउनेछ । यस्तो रकम शिक्षकले एक आर्थिक बर्षमा एक पटक आफ्नो धर्म, संस्कृती परम्परा अनुसार मनाइने मुख्य चापर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त शिक्षकलाई निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा दिइनेछ ।"

४०. **<u>मूल नियमावलीको नियम १०५क. मा थपः-</u>** मूल नियमावलीको नियम १०५ पछि देहायको नियम १०५क. थप गरिएको छः-

**"१०५क. <u>संस्थागत विद्यालयका शिक्षक नियुक्ति तथा सेवा शर्तः-</u>** (१) व्यवस्थापन समितिले शिक्षक छनोट समितिबाट सिफारिस भए बमोजिम संस्थागत विद्यालयका शिक्षकको स्थायी नियुक्ति गर्नुपर्नेछ ।

(२) व्यवस्थापन समितिले संस्थागत विद्यालयका स्थायी शिक्षकलाई देहाय बमोजिमको तलव तथा सुविधा उपलब्ध गराउनुपर्नेछः-

(क) नेपाल सरकारले तोके बमोजिमको न्यूनत्तम तलव,

(ख) संचय कोष कट्टी वापत तलवको १० प्रतिशतले हुन आउने रकम,

(ग) बार्षिक रुपमा एक महिनाको तलव बराबरको रकम चाडपर्व खर्च,

(घ) सामुदायिक विद्यालयका शिक्षक सरह असाधारण र अध्ययन विदा बाहेका अन्य विदाहरु,

(ङ) सामुदायिक विद्यालयका शिक्षक सरहको निवृत्तभरण वा उपदानको सुविधा ।

(३) विद्यालयले यस नियम बमोजिम शिक्षकलाई उपलब्ध गराउने तलव तथा सुविधाहरु प्रचलित कानुन बमोजिम विनियम बनाई व्यवस्थित गर्नुपर्नेछ ।

(४)	उपनियम (१) र (२) बमोजिम स्थायी नियुक्ति नगर्ने तथा तलव र सुविधाहरु प्रचलित कानुन बमोजिम विनियम बनाई व्यवस्थित गर्नुपर्नेछ ।

४१.	<u>**मूल नियमावलीको नियम १२२ मा संशोधनः**</u>- मूल नियमावलीको नियम १२२ को,-

(१)	उपनियम (१) को खण्ड (ख) मा रहेको “निम्न माध्यमिक” भन्ने शब्दको सट्टा “आधारभूत ” भन्ने शब्द राखिएको छ ।

(२)	उपनियक (१) को खण्ड (ग) झिकिएको छ ।

(३)	उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

“(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तहको शिक्षक सरह शुरु तलव स्केल भएको आधारभूत तहको शिक्षकले माध्यमिक शिक्षक सरह उपचार खर्च पाउनेछ ।”

४२.	<u>**मूल नियमावलीको नियम १२४ मा संशोधनः**</u>- मूल नियमावलीको नियम १२४ को,-

(१)	उपनियम (१) को खण्ड (ख) मा रहेका “निम्न माध्यमिक र प्राथमिक” भन्ने शब्दहरुको सट्टा “आधारभूत” भन्ने शब्द राखिएको छ ।

(२)	उपनियम (२) को खण्ड (क) मा रहेको “प्रथम” भन्ने शब्दको सट्टा “विज्ञ र दक्ष” भन्ने शब्दहरु र खण्ड (ख) मा रहेका “द्वितिय र तृतीय” भन्ने शब्दहरुको सट्टा “अनुभवी र नवप्रवेशी” भन्ने शबदहरु राखिएका छन् ।

३५.	<u>**मूल नियमावलीको नियम १२७ मा संशोधनः**</u>- मूल नियमावलीको नियम १२७ को,-

(१)	उपनियम (१) को खण्ड (ख) मा रहेको “निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालय” भन्ने शब्दहरु राखिएका छन् ।

(२)	उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

“(२) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदीयक विद्यालयको आधारभूत तहमा अध्ययन गर्ने, विद्यार्थी र सामुदायिक विद्यालयकै माधयमिक तहमा अध्ययन गर्ने नियम नियम १५२ बमोजिमका विद्यार्थीसँग त्यस्तो शुल्क लिन पाइने छैन ।

४५.	<u>**मूल नियमावलीको नियम १५४ मा संशोधनः**</u>- मूल नियमावलीको नियम १५४ को,-

(१)	उपनियम (२) को खण्ड (ख) मा रहेको “निम्न माध्यमिक” भन्ने शब्दहरुको सट्टा “आधारभूत” भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) को खण्ड (ग) झिकिएको छ ।

४६. **<u>मूल नियमावलीको नियम १६९ मा संशोधनः</u>**- मूल नियमावलीको नियम १६९ को,-

(१) उपनियम (३) मा रहेको "तथा निम्न माध्यमिक" भन्ने शब्दहरु झिकिएका छन् ।

४७. **<u>मूल नियमावलीको नियम १७६ मा संशोधनः</u>**- मूल नियमावलीको नियम १७६ को,-

(१) उपनियम (१) मा रहेका "प्राथमिक तह, निम्न माध्यमिक" भन्ने शब्दहरुको सट्टा "आधारभूत" भन्ने शब्द राखिएको छ ।

४८. **<u>मूल नियमावलीको नियम १८५ मा संशोधनः</u>**- मूल नियमावलीको नियम १८५ को,-

(१) खण्ड (क) मा रहेको "निम्न माध्यमिक" भन्ने शब्द झिकिएको छ ।

(२) खण्ड (ख) मा रहेको "निम्न माध्यमिक" भन्ने शब्दहरु झिकिएका छन् ।

४९. **<u>मूल नियमावलीको नियम १८५क. मा संशोधनः</u>**- मूल नियमावलीको नियम १८५क. मा रहेका "माध्यमिक शिक्षा उत्तीर्ण" भन्ने शब्दको सट्टा "माध्यमिक तह प्रमाणपत्र वा उच्च माध्यमिक तह प्रमाणपत्र" भन्ने शब्दहरु राखिएका छन् ।

५०. **<u>मूल नियमावलीको नियम १९२ मा संशोधनः</u>**- मूल नियमावलीको नियम १९२ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) र (क२) थप गरिएको छ ।

"(क१) वैकल्पिक शैक्षिक कार्यक्रम सम्बन्धी,"

"(क२) परम्परागत शैक्षिक कार्यक्रमहरु (गुम्वा, मदरसा, गुरुकुलआदि सम्बन्धी,"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) आधारभूत तह प्रमाणपत्र परीक्षा, माध्यमिक तह प्रमाणपत्र परीक्षा र उच्च माध्यमिक तह प्रमाणपत्र परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,"

(३) खण्ड (छ) पछि देहायका् खण्ड (ज), (झ), (ञ), (ट) र (ठ) थप गरिएको छः-

"(ज) समुदाय वा स्थानिय निकायद्धारा सञ्चालन हुने विद्यालयहरुको सञ्चालन र व्यवस्थापन सम्बन्धी,"

"(झ) शैक्षणिक प्रक्रिया सम्बन्धी,"

"(ञ) शिक्षक तालिम सम्बन्धी,"

"(ट) छात्रवृत्ति सम्बन्धी,"

"(ठ) शिक्षकको छनोट, नियुक्ति, बढुवा आदि सम्बन्धी"

**५१.** **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>**- मूल नियमावलीको अनुसूची को,-

(१) **<u>अनुसूची ३</u> को,-**

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ,-

"(ख) कक्षागत क्षेत्रफल पूर्व प्राथमिक विद्यालयको हकमा ०.७५ वर्ग मिटर आधारभूत विद्यालयको हकमा १.०० वर्ग मिटर तथा माध्यमिक विद्यालयको हकमा १.२५ वर्ग मिटर भन्दा कम हुन नहुने ।"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनुपर्ने :-

माध्यमिक विद्यालय (९-१२) को लागि - ७ जना

माध्यमिक विद्यालय (१-१२) को लागि - १३ जना

माध्यमिक विद्यालय (१-१०) को लागि - ११ जना

आधारभूत विद्यालय (१-८) को लागि - ८ जना

आधारभूत विद्यालय (१-५) को लागि - ५ जना

आधारभूत विद्यालय (१-३) को लागि - ३ जना

पुर्व प्राथमिक विद्यालय (१-८) को लागि - २ जना

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनत्तम १.१ हुनुपर्नेछ ।"

(२) अनुसूची -४ मा रहेका "प्राथमिक/निम्न माध्यमिक" भन्ने शब्दहरुको सट्ट "आधारभूत" भन्ने शब्द राखिएको छ ।

(३) अनुसूची -६ को खण्ड (क) को उपखण्ड ३. मा रहेका "प्राथमिक तह मिति ... " तथा "निम्न माध्यमिक तह मिति ...." भन्ने शब्दहरुको सट्टा "आधारभूत तह मिति ..." भन्ने शब्दहरु राखिएको छ ।

(४) अनुसूची-१० को खण्ड (क) को उपखण्ड ३. मा रहेका "प्राथमिक तह अनुमति मिति ..." तथा "निम्न माध्यमिक तह अनुमति मिति ...." भन्ने शब्दहरुको सट्टा "आधाभूत तह मिति ..." भन्ने शब्दहरु राखिएको छ ।

(५) अनुसूची-११क. को विवरण ३.मा रहेका “प्रा.वि./नि.मा.वि./मा.वि.” भन्ने शब्दहरु तथा विवरण ५. मा रहेको कक्षागत विवरण तालिकालाई कक्षा ११ र १२ को विवरण रहनेगरी बढाइएको छ।

(६) अनुसूची-१२ को सट्टा देहायको अनुसूची-१२ राखिएको छ-

“अनुसूची-१२

(नियम ९२ सँग सम्बन्धित)

**विद्यालयमा रहने शिक्षक दरवन्दी**

विद्यालयमा कम्तीमा देहाय बमोजिम शिक्षक दरवन्दी रहनेछन्:-

(क) पूर्व प्राथमिक विद्यालयमाः- पूर्व प्राथमिक विद्यालयमा दुई जना शिक्षक

(ख) आधारभूत विद्यालयमाः-

१. १ कक्षा देखि ३ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तह प्रमाणपत्र तह (SLC) उत्तीर्ण ३ जना

२. १ कक्षा देखि ५ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तह प्रमाणपत्र तह (SLC) उत्तीर्ण ३ जना र शिक्षा शास्त्रबाट प्रविणता प्रमाणपत्र तह (I.Ed.) उत्तीर्ण २ जना

३. १ कक्षा देखि ८ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तह प्रमाणपत्र तह (SLC) उत्तीर्ण ३ जना र शिक्षा शास्त्रबाट प्रविणता प्रमाणपत्र तह (I.Ed.) उत्तीर्ण ४ जना र स्नात्तक तह (B.Ed.) उत्तीर्ण १ जना

(ग) माध्यमिक विद्यालयमाः-

१. १ कक्षा देखि १० कक्षा सम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तह प्रमाणपत्र तह (SLC) उत्तीर्ण ३ जना र शिक्षा शास्त्रबाट प्रविणता प्रमाणपत्र

तह (I.Ed.), स्नात्तक तह (B.Ed.),  र स्नात्तकोत्तर तह (M.Ed.) उत्तीर्ण क्रमशः ३,४ र १ जना

२. १ कक्षा देखि १२ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तह प्रमाणपत्र तह (SLC) उत्तीर्ण ३ जना र शिक्षा शास्त्रबाट प्रविणता प्रमाणपत्र तह (I.Ed.), स्नात्तक तह (B.Ed.),  र स्नात्तकोत्तर तह (M.Ed.) उत्तीर्ण क्रमशः ३,४ र २ जना तथा M.Phil. उत्तीर्ण १ जना

३. ९ कक्षा देखि १२ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा शिक्षा शास्त्रबाट स्नात्तक तह (B.Ed.) उत्तीर्ण ३ जना, स्नात्तकोत्तर तह (M.Ed.) उत्तीर्ण ३ जना तथा M.Phil. उत्तीर्ण १ जना

(७) अनुसूची-१४ मा रहेका "प्राथमिक/निम्न माध्यमिक" शब्दहरुको सट्टा "आधारभूत" भन्ने शब्दहरु राखिएका छन् ।

(८) अनुसूची-२१ को खण्ड ३ को उपखण्ड (क) को सट्टा देहाय बमोजिमको उपखण्ड (क) राखिएको छः-

"(क) कक्षाकोठाहरु पूर्व प्राथमिक तहको हकमा ०.७५ वर्गमिटर, आधारभूत तहको हकमा १.०० वर्गमिटर र माध्यमिक तहको हकमा १.२५ वर्गमिटर"

(९) अनुसूची-२२ को खण्ड (क) को द्रष्टव्य खण्ड तथा खण्ड (ख) को सट्टा "अलगै द्रष्टव्य खण्ड तथा खण्ड (ख)" तय गरी राख्नुपर्ने